

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

वर्ष-१४ ।। अङ्क : ३०७ ॥ २०७९ पौष १७ गते आईतबार (1st Jan 2023 Sunday) | Pratidin National Daily | dNo-?÷%÷-

# घेरावन्दीमा कांग्रेस सभापति र दुई महामन्त्री

भ्रापा(प्रस) ।गठबन्धन भत्किएर सत्ता विमुख भएको नेपाली कांग्रेसभित्र राजनीतिक घटनाक्रमको मन्थन भइरहेको छ । गठबन्धन बचाउन नसकेको भन्दै संस्थापन इतर पक्षबाट सभापति शेरबहादुर देउवाविरुद्ध घेराबन्दीको संकेत देखिन्छ ।

यता संस्थापन पक्ष भने महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको ‘अल्लारेपन’ पनि उत्तिकै जिम्मेवार रहेको बताउँछ। काठमाडौंमा सत्ता उलटफेर हुँदा साहित्य महोत्सवमा गफिन पोखरा पुगेका कारण थापा र शर्मा पनि केन्द्रीय सदस्यको प्रश्नको घेरामा परेका छन् ।

समसामयिक राजनीतिक घटनाक्रमको समीक्षा गर्न २२ पुषमा केन्द्रीय कार्यसम्पादन समितिको बैठक बस्दैछ। गठबन्धनबाट माओवादी केन्द्र बाहिरिएपछि उत्पन्न राजनीतिक घटनाबारे बैठकमा देउवाविरुद्ध संस्थापन समूह आक्रामक रुपमा प्रस्तुत हुने तयारीमा छ।

देउवा नेतृत्वको गठबन्धनको निरन्तरता किन र कसरी सम्भव भएन भनेर सभापतिले जवाफ दिनुपर्ने इतर समूहका नेता शेखर कोइरालाद्वारा ११ पुषमा जारी विज्ञप्तिमा उल्लेख छ । गठबन्धन विभाजन भएको विषयमा पुष २२ गतेदेखि बस्ने बैठकमा निर्मम समीक्षा हुने कोइरालाको भनाइ छ ।

‘गठबन्धनको निरन्तरताका लागि हाम्रो तर्फबाट पनि नेगोशिएसन टिम थियो । कसरी वार्ता गर्नुभयो ? किन गठबन्धन भत्कियो ? बैठकमा निर्मम समीक्षा गर्छौं,’ कोइरालाले भने ।

महामन्त्री गगन थापाले गठबन्धनमा के भएको हो भनेर सभापतिकै मुखबाट सुन्ने बताए। ‘के भएको हो भन्ने कुरा हामी पहिला सभापतिको मुखबाट पार्टीको बैठकमा सुन्न चाहन्छौं । बैठकमा त गठबन्धन गर्ने भनेको बेलादेखिको कुरा छलफल गर्नुपर्छ,’ उनी भन्छन् ।







गठबन्धन नगरे पार्टी सकिन्छ भन्ने प्रवृत्तिविरुद्ध निर्मम समीक्षा हुने उनले बताए। उनले भने, ‘ गठबन्धनविरूद्ध बोल्लास्, खबरदार भन्दै हप्की खाएको सम्झिन्छु अहिले । अब ती व्यक्ति, प्रवृत्ति र घटनाबारे मात्र होइन, कांग्रेसले किन र कसरी यस्तो सोच्यो भन्ने विषयमा बैठकभित्र र बाहिर पनि निर्मम समीक्षा हुन्छ ।’ १५-२० वर्ष चल्छ भनेको गठबन्धन १५ किन टुट्यो भनेर सभापतिले चित्तबुझ्दो जवाफ दिनुपर्ने उनको भनाइ छ। सहमहामन्त्री बद्री पाण्डेले भने सभापतिको राजीनामासम्मको विषयमा बैठकमा उठाइने बताए । ‘पार्टी पंक्तिमा र जनस्तरमा विशेष महाधिवेशन बोलाउने र पार्टी सभापतिले राजीनामा दिनुपर्छ भन्नेबारेमा माग उठेको छ। यो विषय कार्यसमितिको बैठकमा निर्णयमा पुर्‍याउनुपर्छ,’ उनले भने । प्रवक्ता प्रकाशशरण महतले गठबन्धन टुट्नुमा सभापति देउवाको मात्र दोष नरहेको भन्दै पार्टीभित्र नेतृत्वलाई खुइल्याउने प्रवृत्ति देखिएको बताए। ‘जे भए पनि नेतृत्वको आलोचना गर्नुपर्छ भन्ने छ । अहिले प्रचण्डलाई नै दिएको भए अरु सबै पाइन्थ्यो । सबै बिगारे भनेर आलोचना गरिरहेका छन्,’ उनी भन्छन्, ‘प्रचण्डलाई नै दिएको भए पनि उनीहरूले किन दिएको? प्रचण्डको पुच्छर किन बनेको? हाम्रो यस्तो संख्या हुँदा पनि किन प्रचण्डलाई मानेको भन्थे ।’ पार्टी पदाधिकारीबाट गैरजिम्मेवार कुरा आउनुलाई आफूहरुले अनौठो रूपमा लिएको उनको भनाइ छ। महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले गैरजिम्मेवार कुरा गरेको महतले संकेत गरे ।‘जिम्मेवार पदमा बसेर पार्टीको पक्षमा माहौल सिर्जना गर्नुको साटो हामीलाई निमन्त्रणा आएन भन्दै विरोधाभाषपूर्ण अभिव्यक्ति दिएको सुनियो। सबैको विषयको समीक्षा पार्टीले गहन रूपमा गर्छ,’ उनले भने । यस्तै केन्द्रीय सदस्य अजयकुमार चौरसियाले सभापति देउवाको पुरापुर प्रतिरक्षामा देखिएका छन् । उनले गठबन्धन भत्किएर सत्ता गुम्नुमा सभापतिको कुनै दोष नभएको बताए । प्रचण्डको अस्थिर प्रवृत्तिका कारण गठबन्धन भत्किएको उनको भनाइ छ।

‘आफूलाई अप्ठ्यारो भएका बेला गठबन्धन बनाउन खोज्ने अनि परिस्थिति बदल्ने अवस्था आउँदा साथ गठबन्धन छाडेर धोका दिने प्रवृत्ति प्रचण्डजीमा देखियो,’ उनले भने ।

चौरसियाका अनुसार एमाले र माओवादीका दोस्रो तहका नेताबीच पहिले नै गठबन्धन टुटाउने सहमति भइसकेको थियो । ‘पार्टी सभापतिलाई दोष देखिएर हुँदैन। पहिलो पार्टीका नेताले सरकारको नेतृत्व छाड्न हुँदैन भनेर धेरै साथीहरुले सल्लाह दिएका थिए,’ उनी भन्छन्, ‘ पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले नै आफ्नो नेतृत्वमा सरकार बनाउने संस्थागत निर्णय गरेको थियो ।’

यो परिस्थिति आएकोमा आफूहरु दुःखी रहेको तर आगामी दिनमा एकताबद्ध भएर वामपन्थी ध्रुवीकरणसँग लड्नुपर्ने उनले बताए । पार्टी नेतृत्व असफल नभएको उनको दाबी छ । देउवामा प्रतिकूल परिस्थितिलाई अनुकुलतामा बदल्ने क्षमता रहेको पनि उनले प्रस्ट पारे ।

‘हिजो प्रतिकूल परिस्थितिलाई अनुकूल बनाएको सभापति शेरबहादुर देउवाले नै हो । सातै प्रदेशमा पार्टीलाई सत्तामा पुर्‍याउने काम पनि यही नेतृत्वबाट भएको हो। कांग्रेसलाई सबैभन्दा ठूलो पार्टीले बनाउन सफल हुनु भएको छ,’ उनले भने ।

एउटा घटनाक्रमले नेतृत्वलाई खुइल्याउने कुरा राम्रो नभएको उनी बताउँछन्। ‘पार्टी सभापतिले किन राजीनामा दिने ? हिजो प्रतिकुल परिस्थिति बन्दा केपी ओलीले दिए ?,’ देउवाको राजीनामा माग्नेलाई उनले भने, ‘तिनै नेताले फेरि पार्टीलाई सत्तामा फर्काएनन् ? सानोतिनो घटनाक्रमले सभापति र संसदीय दलको नेता फेर्दै जाने ? भोलि हाम्रो अनुकूल परिस्थिति पनि त बन्न सक्छ !’ सात दलीय गठबन्धनका सबै पार्टीभित्र असन्तुष्टि रहेको भन्दै भोलि कांग्रेसको अनुकूल परिस्थिति बन्ने उनले बताए । ‘कांग्रेसको नेतृत्वमा सरकार बन्न सक्ने स्थिति आउन सक्छ वा कांग्रेस गठबन्धनमा अरुको नेतृत्वमा सरकार बन्न सक्ने स्थिति आउन सक्छ। यो सरकार धेरै लामो चल्दैन,’ उनले भने। सत्ता गठबन्धन टुटेर नयाँ समीकरण अनुसार प्रचण्ड नेतृत्वको सरकार बन्दा महामन्त्रीद्वय थापा र शर्मा पोखरातिर बरालिनु गैर जिम्मेवारीको पराकाष्ट भएको देउवा पक्षको आरोप छ।

केही केन्द्रीय सदस्यले सभापति देउवाका साथै महामन्त्रीलाई पनि निशाना बनाउने देखिन्छ । केन्द्रीय सदस्य नैनसिंह महर वर्तमान परिस्थितिको जिम्मेवारी पदाधिकारीले लिनुपर्ने बताए ।

उनले भने, ‘जस र अपजसको पहिलो जिम्मा सभापतिकै हुन्छ । यसमा दुईमत छैन। तर, पदाधिकारी र केन्द्रीय कार्यसमितिका पदाधिकारीले अवैधानिक काममा सहकार्य गर्नुभएको छ। यसको गम्भीर समीक्षा हुन्छ।’

उनका अनुसार गठबन्धन टुट्नुमा पार्टी सभापतिसहितका पदाधिकारी र कार्यसम्पादन समितिले गल्ती गरेको देखिन्छ । त्यसको स्पष्टीकरण २२ गतेको केन्द्रीय समितिमा उनीहरूले दिनुपर्ने महरले बताए ।

‘उहाँहरूबाट गल्ती किन भयो ? चित्तबुझ्दो गरी यसको प्रस्टीकरण दिन सक्नुपर्छ । अब त्यस्तो गल्ती दोहोरिँदैन भनेर ग्यारेन्टी के छ भनेर आधार खोज्छौं,’ उनी भन्छन् । गल्ती-कमजोरी भएकोमा पदाधिकारीलाई कुनै न कुनै प्रकारको रियलाइजेसनसम्म पुर्‍याउने काम केन्द्रीय समितिबाट हुने महरको भनाइ छ।

# राजनीतिमा ध्रुवीकरण : महामन्त्री शर्मा

भद्रपु(प्रस) । नेपाली काँग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अबको नेपाली राजनीति बामपन्थी र गैरबामपन्थी दुई ध्रुवमा बाँडिन सक्ने आशंका गरेका छन् । उनले गठबन्धन टुट्न नहुने थियो भन्दै गठबन्धन टुटिसकेपछि अब दुई ध्रुवमा ध्रुवीकरण हुनसक्ने बताए । उनले वर्तमान राजनीतिक घटनाक्रमले काँग्रेसलाई नवीनतम स्वरूपमा रूपान्तरण भएर देश र जनताको सेवाका लागि अवसर आएको बताए ।

भद्रपुर १० स्थित चन्द्रगढीमा आयोजित वीपी स्मृति प्रतिष्ठानको साधारणसभालाई सम्बोधन गर्दै महामन्त्री शर्माले आम निर्वाचनमा पहिलो दल भएर पनि प्रतिपक्षमा बस्नुपर्ने अवस्था संगठन शुद्धिकरण तथा नेतृत्वमा नवीन सोचका साथ संगठन निर्माणका लागि अवसर भएको बताएका हुन् ।

शर्माले सरकारमा नगएपनि राष्ट्रको उन्नतिका लागि काम गर्न कसैले रोक्न नसक्ने भन्दै स्थानीय तह, प्रदेश र संघीय संसदमा निर्वाचित जनप्रतिनिधिहरूले देश र जनताको




उन्नतिका लागि निरन्तर काम गर्न सकिने प्रष्ट पारे। महामन्त्री शर्माले काँग्रेस रूपान्तरणको चरणमा रहेको भन्दै नेतृत्वले विगतका गल्ती अब नदोहोर्‍याउने वातावरण बनाएर गतिशील काँग्रेसका लागि निरन्तर लागिरहने संकल्प समेत गरे । सत्ता स्वार्थमा राजनीति अल्झदा राष्ट्रियता कमजोर हुँदै गएको स्मरण गर्दै शर्माले सवै दल राष्ट्रहितका लागि राष्ट्रियताको सवालमा एक हुनुपर्ने समेत प्रष्ट पारे ।

उनले देश भए नागरिक हुन पाइने भन्दै छिमेकी नीतिमा समान धारणा लिएर अगाडि बढ्ने हो भने आन्तरिक राजनीतिमा विदेशी चलखेल नहुने समेत स्पष्ट पारे । उनले दुई शक्तिशाली छिमेकी देशसित समान व्यवहार गर्नसके नेपालको आर्थिक उन्नतिमा फाइदा लिन सकिने भन्दै भू-राजनीतिलाई सही परिचालनको वातावरण आवश्यक रहेको बताए ।

कार्यक्रममा पूर्व सांसद डिल्ली सिटौलाले काँग्रेसको राजनीतिलाई गतिशील बनाउन युवा पुस्ताले हस्तक्षेप गर्न नसकेको भन्दै पुरानो पुस्तालाई सम्मानित विदाई गर्दै नयाँ पुस्ताले नेतृत्व खोस्नु पर्ने अवस्था आएको बताए ।

यस्तै कार्यक्रममा नेपाली काँग्रेसकी केन्द्रीय सदस्य गोमा भट्टराई, सुशिला ढकाल, जिल्ला सभापति देउमान थेबे, क्षेत्रीय सभापति गणेश पोखरेल, पूर्व जिल्ला उपसभापति रामबहादुर कट्टेल, प्रजातान्त्रिक प्राध्यापक संघका उपाध्यक्ष मदन कट्टेललगायतले मन्तव्य राख्दै यथास्थितिमा काँग्रेस चल्न नसक्ने भन्दै दुई महामन्त्रीको काँधमा काँग्रेस रूपान्तरणको अभिभारा आएकोले इमान्दारिताका साथ पूरा गर्न आग्रह गरेका थिए ।

प्रतिष्ठानका अध्यक्ष मोहनसिंह कार्कीको सभापतित्वमा सम्पन्न कार्यक्रमको स्वागत भूमादेवी घिमिरेले गरेकी थिइन् भने सञ्चालन देवेन्द्र गौतमले गरेका थिए ।

# हल्दिवारीमा ६ करोडको १५ शैय्याको अस्पताल खुल्दै

हल्दिवारी(प्रस)। झापाको हल्दिवारीमा आगामी फागुनको पहिलो साताबाट ६ करोडको लगानीमा निजी अस्पताल संचालन हुने भएको छ। ग्रामीण समुदायलाई स्वास्थ्य सेवा प्रदान गर्ने उद्धेश्यले १५ शैय्याको मेडी होम हस्पिटल प्रा. लि.संचालन हुन लागेको हो । अस्पताल निर्माणको कार्य द्रुत गतिमा भइरहेको शनिवार भेलागुडी पर्यटकीय क्षेत्रमा आयोजित प्रथम वार्षिक साधारणसभामा अस्पतालका अध्यक्ष कृष्णप्रसाद प्रसाईले बताए । उनले १५ शैय्याको अस्पतालका लागि आवश्यक सबै मापदण्ड पुरा गर्ने कागजपत्र गाउँपालिकाको स्वास्थ्य शाखामा पेश गरिसकिएको , हल्दिबारीको केन्द्रमा अवस्थित स्कुल चौकमा चुडामणि श्रेष्ठ र टेकेन्द्र श्रेष्ठको दुई तले भवनहरु भाडा सम्झौता गरी आँगनमा पेबर्स बिछ्याउने र इन्टेरिअरका कार्य सुरु गरिसकिएको, प्याथोलोजी ल्याब, अप्रेशन थिएटर, फार्मेसी, ओ.पी.डी, इमर्जेन्सी वार्ड, लेबर रूम, आइ.सी.यु., एक्सरे कोठालगायतका बिभागहरुमा मापदण्ड अनुसारका स्पेस, रंग, वाइरिंग आदि सुरु गरिएको ,स्वास्थ्य बिमा सम्झौताका लागि सम्बन्धित बिमा कम्पनी र वित्तीय संस्थासंग पहल थालिएको ,विपन्न वर्ग लक्षित स्वास्थ्य बिमा कार्यक्रमका लागि यसोदा देवी फाउन्डेसनका सचिव दिपकप्रसाद ओलीसंग निःशुल्क




बिमा (वार्षिक १०जनाको ) सम्झौता गरिसकिएको जानकारी दिए ।उनले कम्पनीको नाममा रजिस्ट्रेसन पास गर्नुपर्ने लगभग १५ कठ्ठा जग्गाको ६९ लाख रुपैयाँ सम्बन्धित जग्गाधनीहरुलाई चुक्ता गरिसकिएको समेत जानकारी दिए। अस्पतालले आफ्नै जग्गा खरिद गरेपनि हाललाई भाडाको घरमा संचालन गर्न लागेको अध्यक्ष प्रसाईले जानकारी दिए। ग्रामीण क्षेत्रमा रही गुणस्तरीय स्वास्थ्य सेवा लिन भद्रपुर, बिर्तामोड, दमकलगायतका शहरहरुमा हल्दिवारीका बासिन्दाहरु जानु परेको र स्वास्थ्य उपचार सरल, सुलभ नभएर सास्ती खेप्नु परेको तथ्यलाई मध्यनजर गरी सो अस्पताल संचालन गर्न लागिएको उनले बताए।

फागुनको पहिलोभित्र १५ शैय्या क्षमताको अस्पताल ओपिडी ,इमर्जेन्सी ,फार्मेसी,ल्याब र बिशेषज्ञ सेवा शुरु गरी यसोदा देवी फाउन्डेसनसग सहकार्य गरी बिपन्न परिवार लक्षित स्वास्थ्य कार्यक्रम संचालन गर्ने, एम्बुलेन्स प्राप्त गर्ने साथै वार्षिक ५० परिवारको स्वास्थ्य बिमा गराउने योजना रहेको समेत अध्यक्ष प्रसाईले जानकारी दिए। अस्पतालमा कृष्णप्रसाद प्रसाई , होम कार्की , गंगा प्रसाई , शालिक पराजुली , शुक्रराज दाहाल, पुष्कर नेपाल र डा. सीपी न्यौपाने संचालक सदस्य रहेका छन् भने जम्मा शेयर सदस्य ३५ जना रहेका छन्। अस्पतालका अध्यक्ष प्रसाईको अध्यक्षता तथा पूर्व प्रधानाध्यापक नरेन्द्रकुमार कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा अस्पतालका सदस्य तथा पूर्व एसएसपी रमेश सुवेदी , हल्दिवारी स्वास्थ्य चौकीका इन्चार्ज माधव यादवलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

संचालक सदस्य शुक्रराज दाहालले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन होम कार्कीले गरेका थिए। हल्दिवारीमा सरकारीस्तरमा ३ वटा स्वास्थ्य चौकी , २ वटा आधारभूत स्वास्थ्य केन्द्र रहेका छन्। भर्खरै एउटा आधारभूत अस्पताल खुलेको छ। त्यस्तै करिब १० वटा क्लिनिक संचालनमा रहेका छन्। हल्दिवारीमा पहिलो पटक निजीस्तरमा सो अस्पताल खुल्न लागेको हो ।हल्दिवारीको जनसंख्या ३५ हजार ४८७ रहेको छ।



# विकासको पर्खाइमा महाभारतकालीन ‘किचकबध’



झापा(प्रस) । झापाको भद्रपुर नगरपालिका-२ स्थित महाभारतकालीन ऐतिहासिकस्थल किचकबध पूर्वाधार विकासको पर्खाइमा छ । नेपालकै उत्कृष्ट पर्यटकीयस्थलमध्ये एक बन्नसक्ने पर्याप्त सम्भावना बोकेको किचकबधमा आबश्यक पूर्वाधारको विकास हुन सकेको छैन ।

किचकबधलाई झापामा मात्र नभई मुलुककै उत्कृष्ट गन्तव्य बनाउन रू एक अर्ब ५३ करोड ६० लाख बराबरको गुरुयोजना निर्माण गरिएको किचकबध धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थल संरक्षण समितिका अध्यक्ष दिलबहादुर थेवेले जानकारी दिए । गुरुयोजना पुरातात्विक विभाग र पर्यटन मन्त्रालयमा पेस गरिएको छ ।

‘हामीले गुरुयोजना बनाएका छौँ’ उनले भने, ‘तर बजेट अभावमा काम गर्न सकिएको छैन ।’ घेराबारा, पूर्वाधार निर्माण, जग्गा खरिद, पार्किङ, मठमन्दिरको स्तरोन्नति, वनभोजस्थल निर्माण, बगैँचा, दृश्यावलोकन स्तम्भलगायतका विषयलाई समेटेर गुरुयोजना निर्माण गरिएको उनले बताए ।

‘यहाँको ऐतिहासिकताको संरक्षण गर्दै उत्कृष्ट पर्यटकीयस्थल बनाउने योजना छ’, उनले भने, ‘अहिलेसम्म रु दुई-तीन करोडको काम मात्र भएको छ ।’ करिब १० बिघा क्षेत्रफलमा किचकबध फैलिएको छ । किचकबधको उत्तरतर्फ रहेको खोलाको बगरको करिब १० बिघा ऐलानी जग्गासमेत संरक्षण समितिकै मातहतमा रहेको छ भने सो क्षेत्रमा वृक्षरोपण गरिएको छ । पोखरी निर्माणका लागि पश्चिमतर्फको थप २० बिघा जमिन खरिद गर्ने लक्ष्य रहेको संरक्षण समितिका सचिव मदन कँडेलले बताए ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट हालसम्म रू एक करोड ४५ लाख र प्रदेश नं १ सरकारअन्तर्गत उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट रू ६० लाख प्राप्त भएको छ । प्रदेश सरकारबाट प्राप्त बजेटबाट बालउद्यान (चिल्ड्रेन पार्क) निर्माण गरिएको छ भने मन्त्रालयबाट प्राप्त बजेटबाट घेराबारा र भीम-किचकको प्रतिमा निर्माण गरिएको छ ।

हाल किचकबधमा बालउद्यान (चिल्ड्रेन पार्क), स्थायी प्रहरी चौकी, भीम-किचकको प्रतिमा निर्माण, आंशिक घेराबाराको काम सकिएको छ । ‘धार्मिक र ऐतिहासिकस्थल भएकाले यसको सुरक्षाका लागि हामीले पहल गरेर अस्थायी प्रहरी चौकी निर्माण गरेका थियौँ’, संरक्षण समितिका सचिव कँडेलले भने, ‘अहिले त्यसलाई अस्थायीबाट स्थायी प्रहरी चौकी बनाएका छौँ ।’

चिल्ड्रेन पार्क, बिजुली र पानीको व्यवस्थापन भएसँगै त्यहाँ वनभोजको मौसममा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको छ । त्यसले यहाँको आम्दानीको स्रोतको वृद्धिसँगै किचकबधको प्रचारप्रसारमा थप टेवा मिलेको छ । वनभोज खान आउनेलाई प्रतिसमूह रू पाँच सय शुल्क लिने गरिएको छ भने चिल्ड्रेन पार्कमा प्रतिव्यक्ति रू ३० प्रवेश शुल्क लिने गरिएको छ ।

पछिल्लो समय त्यहाँ वनभोज खान आउनेको संख्या बढेको छ । वनभोजको मौसममा मासिक रु दुई हजारभन्दा बढी पर्यटक आउन थालेको संरक्षण समितिका अध्यक्ष थेवे बताउँछन् । ‘अरु बेला पनि (चाडपर्व र बिदाका दिनमा) मानिस घुम्न आउने गरेका छन्’, उनले भने, ‘पछिल्लो समय पर्यटकको आगमनमा वृद्धि भएको छ ।’ किचकबधसम्म पुग्ने सडक निर्माण, पानी, बिजुली लगायतको व्यवस्थापन भएसँगै यहाँ पर्यटकको आगमन बढेको हो । अन्य बिदाका दिन चार सयदेखि पाँच सय जनासम्म घुम्न आउने गरेका छन् ।

२०६२ सालदेखि संरक्षण समिति गठन गरेर किचकबधमा आयआर्जनसँगै पर्यटकीयस्थल निर्माणको काम भइरहेको संरक्षण समितिका पूर्वसचिव शिवकुमार राजभण्डारीले बताए । ‘यहाँको ऐतिहासिक पौराणिक महत्वलाई थप उजागर गर्दै अघि बढ्नुपर्छ’, उनले भने, ‘त्यसमा सरोकारवाला निकायको ध्यान जान जरुरी छ ।’

किचकबधलाई भद्रपुर नगरपालिकाले चालू आर्थिक वर्षमा रू पाँच लाख बजेट छुट्याएको छ भने प्रदेश सरकारबाट रू २० लाख छुट्याइएको संरक्षण समितिका अध्यक्ष थेवेले जानकारी दिए । निर्माणाधीन शिव मन्दिरको काम पूरा गर्ने गरी नगरपालिकाले उक्त बजेट दिएको हो ।

किचकबधमा हालै २० फिट अग्लो भीम-किचकको प्रतिमा निर्माण गरिएको छ । संस्कृति तथा पर्यटन मन्त्रालयमार्फत प्राप्त बजेटबाट निर्माण गरिएको प्रतिमालाई हल्दीबारीका कलाकार सुफल मर्दीले बनाएका हुन् ।

पुरातत्व विभागले साविकको स्थानमा रहेको भीम-किचकको प्रतिमा हटाउन भनेपछि साविकको स्थानदेखि करिब ५० मिटर टाढा अर्को ठूलो प्रतिमा निर्माण गरिएको हो । त्यसको निर्माणमा २३ लाख ७० हजार आठ सय ७७ रुपैयाँ लागेको छ । नवनिर्मित २० फिट अग्लो भीम-किचकको प्रतिमा निर्माण भएपछि यतिबेला त्यहाँ सेल्फी खिच्नेको भीड लाग्ने गरेको छ ।

त्यस्तै देउनियाँ खेलामा रहेको झोलुङ्गे पुलले समेत त्यहाँको आकर्षण बढाएको छ भने आवागमनमा समेत मद्दत मिलेको छ । प्राकृतिक दृश्यावलोकनका लागि समेत यो क्षेत्र मनमोहक छ ।

किचकबधको उत्तरीतर्फ एउटा पोखरी छ । त्यसलाई किचकबध पोखरी भनिन्छ । महाभारतकालमा भीमसेनले विराट राजाका साला एवं उक्त राज्यका सेनापति किचकको बध गरेको र मर्न लागेका किचकले पानी पिउने आफ्नो अन्तिम इच्छा व्यक्त गरेपछि भीमसेनले मुड्कीले हिर्काएर पानी निकालेको र सोही स्थान बनेको जलकुण्डलाई ‘किचकबध पोखरी’ नामकरण गरी पूजाआजा गर्ने गरिएको जानकार बताउँछन् ।

हरेक वर्ष श्रीस्वस्थानी ब्रतको बिसर्जनका दिन त्यहाँ भव्य मेला लाग्ने गरेको छ । उक्त मेलामा झापा, मोरङ, सुनसरीलगायत भारतको बंगाल र कुचविहारबाट ठूलो संख्यामा भक्तजन आउने गरेको संरक्षण समितिका अध्यक्ष थेबेले बताए । यस वर्ष आगामी माघ २२ गते मेला लाग्दैछ । ‘बालबालिकाको केश मुण्डन (केश काट्न) भारतको बङ्गाल र विहारबाट ठूलो संख्यामा भक्तजन आउँछन्’, उनले भने, ‘यहाँ आएर केश काट्ने भाकल गरेको पाइन्छ ।’

किचकबध पोखरीमा कहिल्यै पानी सुक्दैन भने पोखरीमा फुल्ने कमलको पुलले यसको आकर्षण बढाएको छ । मेची र देउनियाँ नदीको दोभानमा अवस्थित किचकबध परिसरमा सतीदेवी, विष्णुपादुका र शिवको मन्दिर रहेको छ ।

किचकबध महाभारतकालीन कथासँग जोडिएको छ । यस क्षेत्रमा दुई हजार वर्षभन्दा पहिलेको दरबार, किल्ला, पर्खाल, भाँडाकुँडा र इँटा पुरातत्व विभागको उत्खनन् बाट फेला परिसकेको छ । विसं २०५९ मा पहिलो पटक उत्खनन् गर्दा स्वस्तिक चिह्न भएको माटाको इँटा किचकबध स्थलमा फेला परेको थियो ।

महाभारत कथामा पाँच पाण्डवकी रानी द्रौपदीमाथि कुदृष्टि राख्ने ‘किचक’ नामको पात्रलाई मारिएको स्थान भएकाले यस ठाउँको नाम ‘किचकबध’ रहन गएको हो । अहिलेको किचकबध स्थल त्यही विराटकालीन नाट्यशाला भएको विश्वास गरिएको छ । वरिपरि खेतका बीचमा अग्लो डाँडामा किचकबध स्थल रहेको हुँदा भौगोलिक बनावटका आधारमा समेत यो ठाउँमा पुरानो दरबार हुनसक्ने ठानिएको छ । झापा सदरमुकाम चन्द्रगढीदेखि करिब १० किलोमिटरको दूरी पार गरेपछि किचकबध पुग्न सकिन्छ । हुलाकी राजमार्गसँग जोडिएकाले भद्रपुर-२ स्थित सगरमाथा चोकसम्म सहजै पुग्न सकिन्छ । उक्त चोकदेखि करिब डेढ किलोमिटर पूर्व ग्रावेल सडकको यात्रा गरेपछि किचकबध पुगिन्छ ।

किचकबधको दक्षिणी भागमा ससाना चिया खाजा पसलसमेत रहेका छन् । त्यसले गर्दा यहाँ पुग्ने पर्यटकले चिया, खाजा र खानाका लागि समस्या छैन भने हुलाकी राजमार्ग आसपास सानाठूला होटल तथा लज भएकाले बसोबासका लागि समेत कुनै समस्या नरहेको भद्रपुर-२ की स्थानीयवासी एलिना श्रेष्ठले बताइन् ।

# प्रथम झापा जिल्लास्तरीय करााँते प्रतियोगिता हुँद



बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा प्रथम झापा जिल्लास्तरीय कराँते प्रतियोगिता हुने भएको छ । पुष १६ गते शनिबार बिर्तामोडको आदर्श ब्यांक्वेटको हलमा प्रतियोगिता हुने भएको हो ।

बिर्तामोड कराँतेको आयोजनामा प्रतियोगिता हुन लागेको बिर्तामोड कराँतेका अध्यक्ष सुदिप खवासले जानकारी दिए । कार्यक्रमको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्थाका अध्यक्ष खवासले लामो समयदेखि बिर्तामोडमा प्रतियोगिता आयोजना नभएकाले खेलकुदलाई चलायमान बनाउँदै खेलाडीको विकासको लागि प्रतियोगिता आयोजना गरिएको बताए । प्रतियोगितामा झापाका विभिन्न डोजोबाट ११ टिम सहभागी हुने खवासले जानकारी दिए । कार्यक्रमको प्रमुख अतिथिको रुपमा राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङ सहभागी हुने जिल्ला खेलकुद विकास समिति झापाका प्रवक्ता जगन कार्की (दुर्वाशा) ले जानकारी दिए ।

जिल्ला खेलकुद विकास समिति झापाको समन्वय तथा जिल्ला कराते संघ झापा र कराँते टेक्निकल कमिटी झापाको प्राविधिक सहयोगमा प्रतियोगिता हुन लागेको आयोजकले जनाएको छ । खेलप्रेमी संघसंस्था तथा ब्यक्तिहरुको आर्थिक सहयोगमा कार्यक्रम सम्पन्न गरिने उनीहरुको भनाई छ ।

कार्यक्रममा राष्ट्रिय खेलकुद परिषदका प्रशिक्षक दुर्गाराज निरौला, वरिष्ठ प्रशिक्षक कालु मेचे, कराँते संघ झापाका अध्यक्ष मिलनराज प्रसाई र कराँते टेक्निकल कमिटी झापाका अध्यक्ष बद्री बिष्टको उपस्थिति रहेको थियो ।

# फागुन ७ देखि भद्रपुर झापा गोल्डकप

भद्रपुर(प्रस) । फागुनको अन्तिम साताबाट सुरु हुने भनिएको भद्रपुर झापा गोल्डकप फुटबल प्रतियोगिता सम्भवतः फागुनको पहिलो हप्ताबाटै हुने भएको छ ।

एन्फासंग समय निर्धारणको क्रममा भद्रपुर झापा गोल्डकप फुटबल प्रतियोगितालाई फागुन ७ गतेदेखि १६ गतेसम्म गरिने लगभग तय भएको गोल्डकप आयोजक समितिका अध्यक्ष दीपेश ढकालले जानकारी दिए ।

प्रतियोगिताको मिति अघि सारेर तय गरिएसँगै आयोजकलाई खेल मैदान निर्माणदेखि आर्थिक संकलनको चटारो भएको छ। आयोजक समितिका अध्यक्ष ढकालले भने, ’आर्थिक जोहो गर्न अहिले हामी झापाका स्थानीय तह र उद्योगी व्यवसायीसमक्ष प्रस्ताव लिएर गइरहेका छौ ।’



मेची रंगशालाको भौतिक संरचना मर्मत सम्भार, खेल मैदानको स्तरीकरण, पार्किङ स्थल र आसपासका क्षेत्रको सरसफाइलाई प्राथमिकतामा राखेर अहिले काम भइरहेको छ। प्रतियोगिता सम्पन्न गर्न ठूलो धनराशि आवश्यक पर्ने भएकोले आर्थिक जोहो नै अहिलेको हाम्रो प्रमुख चुनौती बनेको अध्यक्ष ढकालले बताए ।

भद्रपुर झापा गोल्डकपका अध्यक्ष दीपेश ढकाल, उपाध्यक्षद्वय गौरव सुब्बा र डिल्लीकुमार घिमिरे हिक्मत, महासचिव जीवनकुमार श्रेष्ठ ,सल्लाहकार तथा उद्योग वाणिज्य महासंघ प्रदेश एक अध्यक्ष टिकाराज ढकालको संयुक्त टोलीले सहयोगको अपिलसहित निरन्तर आर्थिक अभियान सुरु गरेको छ । सो टोलीले झापाका १५ वटै स्थानीय तह र अन्य उद्योगी व्यवसायीहरूलाई प्रतियोगिता सम्पन्न गर्न सहयोगको अपिल गरेको आयोजक समितिका उपाध्यक्ष गौरव सुब्बा मनोजले जानकारी दिए ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

# जनश्रुती महिला साकोसले कमायो २७ लाखबढी मुनाफा

बिर्तामोड(प्रस) । बिर्तामोड- ५ स्थित जनश्रुती महिला बचत तथा ऋण सहकारी संस्थाले एक वर्षमा २७ लाखभन्दा बढी नाफा आर्जन गरेको छ ।संस्था यस वर्ष २७ लाख ३२ हजार ७३३ रुपैयाँ खुद नाफा आर्जन गर्न सफल भएको हो । शनिवार बिर्तामोडमा आयोजित संस्थाको नवौं वार्षिक साधारणसभामा वार्षिक प्रगति प्रतिवेदन पेश गर्दै संस्थाकी अध्यक्ष तुलकुमारी राजवंशीले गत वर्ष २२ लाख ८६ हजार ६३३ रुपैयाँ नाफा भएकोमा यस वर्ष नाफा बढेको बताइन् ।

उनले यस वर्ष संस्थाको वासलात ८ करोड ६३ लाख ८ हजार ७१० रुपैयाँ पुगेको जानकारी दिइन् । २०७० जेठ ९ गते एक लाख शेयर पुँजीबाट शुरु भएको संस्थाको हाल कुल चुक्ता पुँजी १ करोड ६३ लाख १३ हजार ५७२ रुपैयाँ पुगेको छ । त्यस्तै निक्षेप हिसाब ५ करोड ३९ लाख ५१ हजार ५९५ , कोष हिसाब ५० लाख ४८ हजार ७९ र कर्जा लगानी ८ करोड ५९ हजार ८६८ रुपैयाँ छ । संस्थामा हाल २५११ जना शेयर सदस्य पुगेको अध्यक्ष राजवंशीले बताइन् । कार्यक्रमका



प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईले कार्यक्रमको उद्घाटन गर्दै सहकारीहरुले आर्थिक कारोवारसंगै सामाजिक उत्तरदायित्वलाई पनि बहन गर्नुपर्नेमा जोड दिइन् । कार्यक्रममा विशिष्ट अतिथिहरु बिर्तामोड नगरपालिकाका सहकारी अधिकृत डिल्ली दाहाल , युवा तथा स्वरोजगार कोषका सदस्य सचिव सन्तोष सापकोटा, अतिथिहरु नेपाल उद्यमशील महिला संघकी अध्यक्ष पार्वता खरेल विमली, नारी संचार गृहकी अध्यक्ष भीमा शिवाकोटी , प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशीलगायतले शुभकामना मन्तव्य राखेका थिए । संस्थाकी अध्यक्ष तुलकुमारी राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड वडा नं ३ की वडा सदस्य धनसरी राजवंशीलगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा ज्येष्ठ सदस्यहरु मेघाली राजवंशी , दुर्गाबहादुर भट्टराई , एसईईमा उत्कृष्ट शेयर सदस्यका सन्तान राहुल राजवंशी ,उत्कृष्ट कारोबार गर्ने शेयर सदस्यहरु डिम्पीदेवी लकान्द्री र सीता उप्रेतीलाई सम्मान र पुरस्कृत गरिएको थियो । त्यस्तै उत्कृष्ट कर्मचारीहरु लेखापाल आयना आचार्य र बजार प्रतिनिधि तारा अधिकारीलाई पुरस्कृत गरिएको थियो । स्वागत मन्तव्य संस्थाकी सदस्य अनिता कार्की बस्नेतले गरेको कार्यक्रमको संचालन सचिव ममता राजवंशीले गरेकी थिइन् ।

विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं।

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
- सञ्चारमाध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको सेवा शुल्क खुलेको बीलबाट मात्र भक्तानी गरौं, गराऔं।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन
अभिव्यक्ति

## देशलाई सन्चै छ ?



• जगन्नाथ पौडेल

क्षितिजपारि देशको
न्यानो याद गर्छ मनले
घरको ढोका खोल्दै
आमाले बोलाएको सम्भिन्छ कानले
निदले बिर्सेर छटपटिरहँदा
सिरानीमुनि साउती गर्छ हातले
र भेट्छ केही पुराना तस्वीरहरू।

ती पुराना बरको रूखका लहरामा भुन्डिन खोज्छन्
मेरा हातहरू
बाख्रा चराउँदा खेल्ने पहरातिर दौडिन्छन्
मेरा पाउहरू
परालको बिटामुनि लुकामारी गर्न तम्सिन्छ
मेरो टाउको
आँपका पँहेला गेडाहरू टिप्न रूख चढ्न खोज्छन्
आँखाहरू
पैसाको दर्जामा लुकाएका च्याप्टा ढुंगा बटुल्न खोज्छन्
औंलाहरू

यस्तै-यस्तै यादहरूमा
छपक्कै भिज्छ मन
मेरो देश
मेरो खेत
मेरो गाउँ
मेरो समाज
मेरो मान्छे
सबै मेरा त हुन् जस्तो लाग्छ
छाती चरक्क चिरिन्छ
माया नै माया उर्लेर आउँछ
आँखाले घरीघरी देशमा टेक्छन्
खुट्टामात्रै प्रदेशमा हिंड्छन्
सुत्ने बेला देश
उठ्ने बेला देश

सम्भिँदै जान्छु
परिवार पाल्नु पर्ने बाध्यताको भकारीले थिचिन्छु
घर चलाउनुपर्ने जिम्मेवारीले भड्किन्छु
र निधारभरि उम्रिएका पसिनाका दानाहरू पुच्छु
फेरि सम्भिँदै जान्छु
बुद्धको जन्मघर
सगरमाथाको अग्लो नजर

मन न हो
सम्भिन्छु
मेरो गाउँका
पानी नपाएर घाँटी सुकाइरहेका धाराहरू
दियालो बाल्दै उज्यालो खोज्न हिंडेको सानो छोरा
ढाड च्यातिएका बिरामी बाटाहरू
चिल्ला गाडीमा कुद्ने गनाउने कीराहरू
मोलमोलाइले फुलेका पिछलग्गूहरू
मन्दिरको पार्श्वमा मल बिसर्जन गर्ने बाँदरहरू
दरबारलाई घरबारमा बेच्ने गिद्धहरू
बेचिएको न्याय
किनिएको मानवता
धत्
मेरो देशभरि मैलिएका दशा

विरक्त हुन्छु
हेर्दै गरेका फोटाहरू पुनः सिरानीमा राख्छु
छचल्किँदै गरेको मन
बढ्दै गरेको ढुकढुकी
सबैलाई भुल्दै गरेको बहानामा
दरो पार्दै खुट्टा
अग्लो पार्दै विश्वास
उभिन्छु समयमाथि
र काममै फर्काउँछु
देशतिर हिंडेका पाउहरू
विदेशमै अड्काउँछु चङ्गाभैं उडेको मन

तर मन न हो
सम्भनाको हावाले फेरि उडिहाल्छ देशतिर
र भन्छ-
मेरा सङ्गीहरू देशलाई सन्चै छ?

# केटा र केटी मिल्ने साथी हुन सक्दैनन् र ?



• केशवराज शर्मा

ऊ र म बोल्न लागेको वर्षौं भयो। हामी फरक जिल्लाका भए पनि एकै सहर अर्थात् बुटवलको देवीनगरमा बस्छौं। उसको र मेरो कोठा दुइटा गल्लीको फरकमा छ- म अग्नि पथ, ऊ चाहिँ रेसुङ्गा पथ । हामी एक्लै-एक्लै बस्छौं। ऊ कालिका कलेजमा पहिलो वर्षमा अध्ययनरत छे, म लुम्बिनी वाणिज्य कलेजमा तस्रो वर्ष। हाम्रो चिनजान फेसबुकबाट भयो। हामी साथी बन्यौं। मेसेन्जरमा च्याट र कल घण्टौंसम्म गरेर बस्छौं हामी। कुराकानी केटाकेटीबीच हुने असल साथीको रुपमै हुने गर्छ । उसले मलाई कसरी हेर्छे थाहा छैन तर मैले उसलाई एक असल केटी साथीको रुपमा हेर्ने गर्छु। हामी दुवैको प्रेमी-प्रेमिका छैन । केटाकेटी वर्षौं बोल्दैमा प्रेम प्रस्ताव गर्नुपर्छ, लभ पार्नै पर्छ भन्ने भ्रम कम्तीमा हामीले चाहिँ तोडेका छौं । उसका र मेरा मिठा-मिठा कुराहरू घण्टौं हुन्छ । छिल्लेका कुरा केहीँ पनि हुँदैन । ऊ मेरी यस्तो केटी साथी हो जोसँग सकारात्मक सोचेर मात्र कुरा गरिन्छ । मेरो कतै काम पर्यो भने म उसलाई बोलाउँछु र उसले पनि मलाई सम्भिन्छे । हामी दुई भएर हाम्रो काम सँगै गर्छौं । जस्तो कि बजार जान देवीनगरको हाट बजार त हामी सधैं सँगै जाने गर्छौं । कतै मेला जान , पार्क घुम्न , मन्दिर जान पनि सँगै जान्छौं ।

हामी दुईको मित्रता देख्नेले सोचिसके कि यिनीहरू पक्कै मायामा छन्। मेरै साथीहरूले नै मलाई जिस्काउँदै भन्ने गर्छन्- 'के हो केटो, चक्कर त खुबै चलेको छ नि' म भन्छु- 'हैन यार, साथी मात्र हो। त्यस्तो नसोचाओ न ! ' उनीहरू कसरी विश्वास गरून्? जब कि उनीहरूको यस्तो केटी साथी नै छैन र बनाउन पनि खोज्दैनन् सायद। लभ पार्नकै लागि केटीसँग बोल्ने र प्रेम प्रस्ताव स्वीकार नगरे केटीलाई गाली गर्ने तथा ब्लक गर्ने, अर्को नयाँ केटीलाई फ्रेन्ड रिक्वेस्ट पठाउने, बोलाउँदा नबोले अनफ्रेन्ड, ब्लक त्यसै गर्ने साथीलाई के थाहा हामीबीचको मित्रता! खैर! सोच्नेले सोचून, केहीँ छैन। उसको मनको भावना त म बुझ्न सक्दिनँ तर म चाहिँ त्यस्तो केहीँ सोचेको छैन र आशा गर्छु उसले पनि साथीकै रुपमा बोलेकी हुनुपर्छ। एक दिनको कुरा हो, हामी बुटवलको सिद्धबाबा मन्दिर घुम्न जाने योजना बनायौं र सँगै घुम्न गएका थियौं। यसै क्रममा देविनगरबाट ई-रिक्सा चढेर पाल्पा बसपार्कसम्म पुग्यौं। गाडी चढेर सिद्धबाबा मन्दिरतर्फ लाग्यौं। केहीँ मिनेटको यात्रापछि हामी सिद्धबाबा मन्दिर पुग्यौं। मन्दिरको ढोका अघिबाट भगवानलाई ढोग्दै उसले के-के वर मागेकी हुन्छे। दर्शन सकेर हामी मन्दिर परिसर घुम्दै फोटो, सेल्फी खिच्छौं। यत्तिकै घुम्ने बेला मेरो मनमा कुरा खेल्न थाल्छ, उसले के मागी होली? कतै यो केटोले मलाई प्रस्ताव गर्ने शक्ति देऊ भगवान भनेर पो मागी कि! यस्तै यस्तै मनमा अनेकौं प्रश्नहरू खेलाउँदै हिंडेको बेला उसले म टोलाएको देख्छे।
भन्छे- 'कता के सोचिरहेको तपाईंले ह?'
म भस्किँदै भन्छु- 'ए! केहीँ हैन, केहीँ सोच्या छैन' म आत्तिँदै भन्छु।

एकछिनपछि सोच्छु, हैन उसले मप्रति यस्तो सोचेर बोलेकी हैन, मेरो इमान्दारिताले ऊ साथी बनेकी हो। यस्तो गलत सोच्नु हुँदैन। अर्को मनले भन्छ- हैन कि यसले मलाई मन पो पराउँछे कि? हैन भने किन सबैले बोइफ्रेन्ड बनाउँदा यसले नबनाइ बसेकी होली त? फेरि आफूलाई हेर्दै भन्छु- तैट लाटा ! तेरो पनि तगलफ्रेन्ड छैन। तैँले चाहिँ किन नबनाएको त? आफै निष्कर्षमा पुग्छु। यतिकैमा हामी मन्दिर घुमेर थाकिसकेपछि बुटवलतिर पाल्पाबाट फर्कँदै गरेको बसमा फर्किन्छौं। गाडीमा एउटा सिट मात्र खाली हुन्छ। म उसलाई सिटमा बसाल्छु र आफू छेउमा उभिन्छु। हामी २० मिनेटपछि बुटवल बसपार्क आइपुग्छौं। त्यहाँबाट हिँडेर हामी हाम्रो कोठा देविनगरतिर फर्कने क्रममा मिलन चोकमा रहेको एउटा खाजा घरतिर लाग्छौं। म उसलाई खाजा के खाने भनेर सोध्छु। उसले मैले जे खाने त्यही नै खान्छु भन्छे। म पनि उसकै शैलीमा उत्तर दिन्छु- 'तिमी जे खाने म त्यही खाने, तिम्रो चोइस मेरो चोइस।' हामी एकछिन गलल हाँस्छौं। मेनु जति पल्टाए पनि रुमदेखि नै सोचेर गएको ममः नै रोज्छु र उसलाई पनि सोध्छु। ऊ मुस्कुराउँदै टाउको हल्लाउछे। हामीले दुई प्लेट चिकेन ममः अर्डर गर्यौं। खाजा आउने बेलासम्म मेरो मोबाइलबाट खिचेको फोटोहरू उसको मोबाइलमा शेयर गर्दै फोटो हेर्दै बस्छौं।

त्यत्तिकैमा ममः आइपुग्छ। हामी ममः खाएर बिल तिर्छौं। २०० रुपैयाँ म दिन्छु, १०० रुपैयाँ उनी तिर्छिन्। मसँग ३०० रूपैयाँ थिएन पनि। जागिर भए पो, घरबाट मागेको पैसा न हो। हामी रुमतिर फर्कन लाग्छौं। फर्कने क्रममा मिलन चोकबाट देविनगर जाने बाटोको तीनकुने चोकमा एउटा चटपटको ठेला देखिन्छ जहाँ म प्रायः चटपट खान एक्लैसम्म आउने गरेको छु। कारण साथीहरूलाई चटपट मन नपर्ने भएकोले मलाई साथ दिदैनथे। कहिलेकाहीँ जिद्दी गरेर सँगै लेराउथें। त्यो दाइको चटपट मलाई सबैभन्दा याद आउने ठेला हो। मैले कयौं रात त्यही चटपट खाएर गुजारेको छु खानाको सट्टा पनि। दाइको चटपटको जति तारिफ गरे पनि मलाई पुग्दैन। एक्लै त खान आउने म आज त भन् मिल्ने साथी सँगै छिन्। कहा खान छोड्ने?

उसलाई चटपट खान आग्रह गर्छु। उसले सहजै स्वीकार गरी। मैले दाइलाई ३०-३० रुपैयाँको दुई ठाउँमा चटपट बनाइदिनु भनेँ। चटपटवाला दाइले हामी दुईलाई देखेर जिस्काउँदै दुई ठाउँमा भन्दा ५ रुपैयाँको एकै ठाउँ खानूस् न भने। उसले पनि त्यस्तै गर्दा हुन्छ, एकै ठाउँमा बनाइदिनूस् भनिन्। म हतारिँदै दुई ठाउँमा नै बनाइदिन भन्छु सजिलो हुन्छ भनेर। तर विचरा तिनीहरूलाई के थाहा म कसैको जुठो खादिनँ भनेर। दाइले पिरो कति खाने सोध्नुभयो। मलाई पिरो मनपर्ने तर उनले भनिन् पिरो कम। 'ह्या! कस्तो के तिमी, अमिलो-पिरो नखाने भए किन चटपट खानु? घरमै भुजा चाउचाउ मिसाएर खाए भैगो नि।' छेउमा भएका मान्छेहरू हाँस्छन्। उनी हल्का लजाएर अब पिरो खान्छु भन्छिन्।

हामीले चटपट खाएर सक्छौं। चटपटको पैसा उसले तिरी। सायद अघि ममःको बिल चुक्ता गरेकी होली! अनि हामी रुमतिर फर्कियौं। यो त कुनै एक दिनको कुरा हो। यस्तो त हामी धेरै बाहिर घुम्न हिंडेका छौं। त्यो दिन रुम पुगेर फेरि एक मनले सोच्छु, हैन म पो सकारात्मक सोचेर बोलिरहेको छु। ऊ कतै मलाई चाहेर पनि व्यक्त गर्न नसकेर चुपचाप पो छे कि! कतै उसको भावना मैले पो बुझ्न नसकेर मित्रताकै रुपमा बोलिरेहेको पो छु कि ! कतै उसले मलाई कस्तो केटा रहेछ अहिलेसम्म प्रस्ताव गर्दैन भनेर छोडेर जान पो तयारी गर्दै पो छे कि! नत्र भने यत्रो वर्ष किन बोइफ्रेन्ड नबनाकी होलि है? आफ्नै मनलाई सोध्छु। फेरि अर्को सोभ्फो र इमान्दार मनले भन्छ, हैन उसले पनि मलाई मैलेजस्तै सोचेर बोलिरहेकी होली। बेकारमा किन नराम्रो सोच्नु उसलाई?

उसको जस्तो सफा मन अरुको पक्कै छैन होला। म साथी नै ठिक छु! किन केटा र केटी बोल्नेबित्तिकै माया प्रेम गाँस्न पर्छ र? केटाकेटी पनि त मिल्ने साथी बन्न सकिन्छ, कि सकिँदैन? हैन सकिन्छ, हामी सकेका छौं त । फेरि आफै आफ्नै मनलाई जवाफ दिँदै फकाउँछु। ऊ मलाई राम्री र असल लाग्छ । मेरो ऊजस्तै जीवनसाथी होस् पनि भन्छु मनमनै तर उही होस् भनेको छैन । उसले के चाहन्छे मलाई थाहा छैन तर मलाई भने मलाई नै चाहन्छे जस्तो पनि लागेन। तर किन मसँग बोलेकी होला है? यो प्रश्न भने बेलाबेला नआउने हैन। ऊ यत्रो वर्षदेखि उत्ति नै समय दिएकी छ। फेरि मैले पनि त उसलाई समय दिएकै छु र त हाम्रो मित्रता बचेको छ! उसको र मेरो घण्टौं कुरा हुन्छ। मेरो केटा साथी पनि उही, केटी साथी पनि उही। सायद उसको पनि त्यही भएको छु होला म र हाम्रो सम्बन्ध चलिरहेको छ। सधैंभरि रहिरहोस्, फलोस फुलोस् हाम्रो मित्रताको सम्बन्ध।

# शिक्षाको नाममा व्यापार कहिलेसम्म ?



• दीपक दाहाल

प्राइभेट स्कुलमा तिर्ने एक महिनाको शुल्कले सरकारी स्कुलमा एक वर्षसम्म पढ्न मज्जाले पुग्छ । तपाईंलाई मेरो प्रश्न छ , के प्राइभेट र सरकारी स्कुलको क , ख , फरक हुन्छ र ? पक्कै हुँदैन । यस लेखमा शैक्षिक क्षेत्रमा केही ओभेलमा पारिएका कुराहरु खोतल्दै छु । सरकारले प्राइभेट स्कुललाई क , ख , ग , घ मा वर्गीकरण गरेको छ । यसरी वर्गीकरण गर्दा सरकारले स्कुलको भौतिक सुविधा , विद्यार्थी संख्या , शिक्षक , शैक्षिक उपलब्धि र त्यो स्कुल कति वर्षदेखि चल्दै छ भनेर मापन गरेको हुन्छ । यसको आधारमा कुन वर्गको स्कुलले कति शुल्क लिने भनेर निर्धारण गरिएको हुन्छ । स्कुलको शुल्क सरकारले निर्धारण शीर्षकका शुल्कभन्दा माथि हुँदैन तर छुट्टै शीर्षक बनाएर विद्यार्थीबाट चर्को शुल्क असुलिन्छ । जस्तै स्पेसल ट्रेनिङ फि , इसिए फि , स्पोर्ट्स फि जस्ता विभिन्न शीर्षक राखेर पैसा असुल्ने गरिरहेको छ , जुन गलत छ । यहाँसम्म कि हरेक विद्यार्थीले नयाँ किताब लिनुपर्ने , विद्यार्थीको युनिफर्मदेखि स्टेशनरी पसलबाट समेत कमिसन खाइरहेका छन् । प्राइभेट



स्कुलको यो व्यापारिक चलखेल बुझ्नु अघि नेपालको शैक्षिक प्रणालीको बिषयमा केही कुरा गरौं । सन् १९६६ मा आदर्श विद्या मन्दिर नेपालको पहिलो प्राइभेट स्कुल बन्यो । सरकारी स्कुलको गुणस्तर राम्रो नभएकाले प्राइभेट स्कुलहरु धमाधम खुल्न थाले । सन् २००२ मा जनयुद्धको कारण गाउँबाट सहर आउनेको संख्या बढेसंगै प्राइभेट स्कुल पढ्नेको संख्या एक्कासी बढ्यो । हालसम्म नेपालमा २५ हजार भन्दा बढी सरकारी स्कुल छन् । सन् २०१५ को तथ्याङ्क हेर्ने हो भने सरकारी स्कुलको पास दर ३३.५ प्रतिशतमा थियो भने प्राइभेट स्कुलको ९० प्रतिशतमा पुग्यो । यस्तो नतिजाले पनि अभिभावकले सरकारी स्कुलमाथि भरोसा गर्न छाडे । र , घर जग्गा बेचेरै भए पनि राम्रो र गुणस्तरीय शिक्षाका लागि प्राईभेट स्कुल धेरैको रोजाइ बन्यो । विद्यार्थी संख्या बढेसँगै प्राईभेट स्कुलको संख्या पनि एक्कासी बढ्यो । सन् २०१० मा लगभग पाँच हजार प्राइभेट स्कुल थिए भने सन् २०१७ मा सात हजार प्राइभेट स्कुल भए ।

प्राइभेट स्कुलको महँगो शुल्कको असर पहिलो कुरा राम्रो र गुणस्तरीय शिक्षा महँगो नै हुन्छ भन्ने भावना आममानिसको मानसिकता बन्न थालिसकेको छ , जुन कुरामा म पूर्ण रुपमा असहमत छु । राम्रो शिक्षा भनेको के ठुलो भवन हुनु हो ? ठुलो मैदान हुनु हो ? भिआइपी ट्रीट्मेन्ट हो ? के हो त राम्रो शिक्षा ? यहाँ अभिभावकले राम्रो शिक्षा हैन , ठुलो भवनको पैसा तिर्नु परिरहेको छ । अभिभावकलाई ब्यापार घाटा तिर्ने पैसाको मिसिन बनाईदै छ । मानौं एउटा एकदमै राम्रो शिक्षा दिने स्कुल छ , पढ्ने वातावरण पनि छ , राम्रा शिक्षकहरु पनि छन् तर आफ्नो बस छैन , ठुलो ठुलो भवन छैन भने त्यस्तो स्कुललाई घ श्रेणीमा वर्गीकरण गरिन्छ । सो अनुरुप स्कुलले पनि थोरै फि लिन्छ । तर अहिलेको समुदाय र अभिभावकको दृष्टिकोणबाट हेर्ने हो भने आफ्नो भवन नहुने , बस नहुने अनि फि पनि थोरै लिइन्छ भने त्यो स्कुल पक्कै नराम्रो होला भन्ने अनुमान गरिन्छ । शैक्षिक व्यापारीको पासोमा परेर हामीले यस्तो सोच्न थालिसकेका छौं कि जति बढी पैसा उति गुणस्तरीय शिक्षा । थोरै फि लिने स्कुलमा राम्रो शिक्षा छैन होला भन्ने मानसिकताले कम विद्यार्थी भर्ना हुन्छन् , यसले राम्रो शिक्षा दिने स्कुल चल्न गाह्रो हुन्छ । फलस्वरूप गुणस्तरीय शिक्षा दिने स्कुल पनि गुणस्तरहीन बन्न पुग्छन् । अनि थोरै पैसामा राम्रो शिक्षा पाउँदा पाउँदै पनि शैक्षिक व्यापारीको जालोमा परेर चर्को शुल्क तिर्न बाध्य छन् । यस्तै हुने हो भने एकदिन हामीसग महँगो स्कुलमात्र बाँकी रहनेछ ।

# पत्रकार र सुर्खेत केन्द्रीय साधारणसभा



• दिपीन राई

हजुर पत्रकारिता गरेको तीन दशक पो पार भइसकेको छ त ! अझै पनि उद्घाटन, सामान्य छलफल अनि घोषणापत्र निकालेर सभा सम्पन्न गर्ने हो भने त्यसले पत्रकारिताको ऊर्जालाई स्खलित गर्दै पेशाप्रति नकारात्मक भाव या गर्दै आएको कामप्रति वितृष्णा जाग्नेबाहेक अरु केही हुन सक्दैन ।

कुरा सुर्खेतमा सम्पन्न नेपाल पत्रकार महासंघ राष्ट्रिय परिषदको सम्मेलनको हो । झापाबाट उत्साहित मन हुँदै हाम्रो टोली सुर्खेत पुगेको थियो । उमेरले मात्र होइन विचारले परिपक्व पत्रकारहरु नै थियौं । धेरै आशा र कामको ऊर्जासँगै अधिकारका कुराहरु उठाइने र उठ्ने छ भन्दै यात्रामा भोगिएका पीरमर्कालाई पन्छाउँदै २७ घण्टापछि हाम्रो टोली सुर्खेत पुगेको थियो । प्राध्यापक तथा साझा मञ्च अनलाइनका सम्पादक गोपाल काफ्लेले यात्राकै क्रममा अब उप्रान्त राष्ट्रिय परिषद सदस्य भएर यसरी पत्रकार हरुको माहोलमा पुग्ने काम यो नै अन्तिम हुन सक्छ साथीहरु भनेर यात्रालाई गम्भीर बनाइरहँदा मेरो मनमा कस्तो कस्तो हुन पुग्यो । त्यही शब्दले घोचिरहेको बेला पत्रकार महासंघ राष्ट्रिय परिषदको सम्मेलन पनि त्यसरी नै सकिनुले सम्पादक काफ्लेको भनाई सार्थक नै सावित भयो । उनले फर्किने क्रममा पनि भनेका थिए, 'राष्ट्रिय परिषदको सदस्य भएर यसरी भेलामा सहभागी भएको ६ पटक भयो, तर यो पटक जस्तो अमिलो यसअघिको सम्मेलनमा भएको थिएन ।'

यात्रामै लामो समय रेडियोमा आवद्ध भिमा शिवाकोटी सम्मेलनको उत्साह कस्तो होला भन्ने सोचमा बाँधिएको हुँदा सम्मेलनप्रति प्रतिक्रिया चाँडै दिन सक्नु भएन । यात्रामै थियौं, पति बियोगले छोइरहेको मेची टाइम्सकी सम्पादक सुशिला संग्रौला बेला-बेलामा महिला अधिकारका विषयमा तड्कारो रुपमा आफ्नो भावना पोखिरहेकी थिइन् । नारीमाथि गरिने कुदृष्टि एउटा प्रमुखबाट हुन्छ भने त्यस्ता प्रमुखबाट के आशा गर्ने ? व्यङ्ग्यात्मक रुपमा एक मिडियाका अग्रजलाई घोचिरहेका थिए । ६ गतेबाट सुरु भएको हाम्रो यात्रा ७ गते साँझ ७ बजे सुर्खेतमा पुगेको थियो । फोटो पत्रकार विनोद पाण्डेको साथले यात्रालाई थप रोमाञ्चक बनाइरहँदा बाटो काटेको पत्तै पाइएन । यता हाम्रो स्वागतमा झापा शाखाका सभापति एकराज गिरी पर्खिरहेका थिए ।

देशभरिका करिब ६ सयबढी परिषद सदस्यहरु ८ गतेका दिन मंगलगढी चोकमा ८ बजे शान्ति यात्राका लागि तयारी थिए । मंगलगढीबाट ३ किलोमिटर मास्तिर बीरेन्द्र चोक हुँदै सुर्खेत सभागृहमा प्रवेश भयो । बाटोमा महासंघका अग्रज व्यक्तित्वदेखि शाखा सभापति हुँदै परिषद सदस्यहरुको उत्साह मनसँगै यात्रा सुरु भयो । करिब साढे ९ बजे हामी सुर्खेत सभागृहमा प्रवेश गर्‍यौं । उक्त हलमा थुप्रै सहकर्मीहरुसँग भेटघाट भयो । पत्रकारिता सुरु गरेका बेलाका साथीहरु त्यसदिन भेट्दा सेताम्मे केश फुलेका शरीरमा बुढोपन देखिने तर पुरानै शैलीका साथीहरुसँग भलाकुसारी गर्दा अधिकांश साथीहरु लहैलहैमै जीवन बितेका कथाहरु सुनाउन सुरु गरे ।

सबैको मन बुढो हुँदै जाँदा आशाको दियोतर्फ केन्द्रीत हुँदोरहेछ । महासंघले के नै गर्छ ? भन्दै बसेका अग्रजहरु पनि उत्साहित रुपमा सहभागी थिए । वरिष्ठ पत्रकार किशोर नेपालदेखि शिव गाउँलेहरु पनि केही गर्नुपर्छ र राज्यले केही दिन सक्नुपर्छ भन्ने अभिव्यक्ति दिएको सुन्दा दियो अझै बलिरहन्छ भन्ने भावना सबैमा पैदा भएको थियो ।

खचाखच पत्रकारहरुको उपस्थिति राष्ट्रपति विद्यादेवी भण्डारी प्रमुख अतिथि भएर आउने भनेपछि सुरक्षा निकै कडा थियो । सुरक्षाकै कारण प्रवेशमा लामबद्ध हुनुपर्ने अवस्था थियो । करिब १ घण्टाको लाइन कुर्दै हल प्रवेश गर्‍यौं । भनेको समयमा प्रमुख अतिथि राष्ट्रपति भण्डारीको उपस्थिति नहुँदा कार्यक्रम सुरु भयो । उद्घाटनको औपचारिक कार्यक्रम आधी हुँदा राष्ट्रपतिको उपस्थितिले मन त खल्लो बनाएकै थियो । उद्घाटनसँगै राष्ट्रपति भण्डारीले पत्रकारहरुलाई दिएको अर्तिले सबैको मन खल्लो बनाएको थियो । युट्युबरले पत्रकारहरुलाई दिएको चुनौति खुलेरै मन्तव्यमा भनिन् । पत्रकारलाई जस्तै आचारसंहिता युट्युबरहरुलाई लगाउन पर्छ भन्ने शब्दहरु ओकल्न कन्जुस्याईं गरिनन् ।

राष्ट्रपति भण्डारीले बोल्दै जाँदा पत्रकारहरुलाई आचारसंहिताभित्र रहेर मर्यादित पेशा अपनाउन वाञ्छनीय भएको बताउँदै उनले अग्रज पत्रकार हरुलाई पत्रकारको सेनानी भनेर सम्मान गर्न भ्याइन् । कार्यक्रममा नेकपा माओवादीका उपाध्यक्ष तथा प्रवक्ता कृष्णबहादुर महराले दल एक्लैले सरकार बनाएर लामो समय टिक्ने अवस्था छैन । गठबन्धन गरेर पनि टिकिदैन । विदेशी इशारा र सहयोगबाहेक केही हुन सक्दैन त्यसैले तपाईहरु नेपाली जनता र नेपाली माटोको माया गर्दै कलम चलाउन आग्रह गर्दछु भनेपछि हल स्तब्ध हुन पुग्यो । कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनकुमार शाही र एमालेका लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेलले आ-आफ्नै पार्टीका डम्फु बजाएर अर्ति उपदेश दिँदै फर्किए । किशोर नेपाल, हरिहर विरहीले पत्रकारिताको भावना र जनताले आशा गरेका विषयमा प्रतिवद्ध हुन भनी आशिर्वाद दिए । सभापति विपुल पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वरिष्ठ उपाध्यक्ष रमेश विष्टले गरेका थिए ।

समग्रमा उद्घाटन समय पत्रकारहरुका लागि चुनौतिका भाषाहरु अभिव्यक्ति हुँदा ८ गतेकै बन्दसत्रमा राष्ट्रिय परिषदका धेरै सदस्यहरु रुष्ट भएर आयोजक केन्द्रीय समितिमाथि आक्रोश पोखे । बन्दसत्रमा महासंघका महासचिव रोशन पुरीले महासंघले गर्दै आएको र गर्ने करिब १० पेजको प्रतिवेदन शानदार रुपमा प्रस्तुत गर्दा उपस्थित सदस्यहरु नडगमगाइ प्रतिवेदनमाथि केन्द्रीत थिए । कोषाध्यक्ष र लेखाको प्रतिवेदनमा भने प्रश्न बर्सिएको थियो । बन्दसत्रमा कार्यक्रम सञ्चालक डा. सुरेश आचार्यले बोल्ने समय अवधि २ मिनेटमात्र दिएपछि पेलेरै राष्ट्रिय परिषदका सदस्यहरुले ५ मिनेटभन्दा बढी आफ्ना धारणा राखेका थिए । बन्दसत्रमा झापाको प्रस्तुति कम थिएन । एकराज गिरी, रोजिना रोदन, ज्ञानेन्द्र निरौला, गोपाल काफ्लेले सतही रुपमा पत्रकारिता नचल्ने अवस्था आएको बेला पत्रकार महासंघ जस्ता संस्था पत्रकारलाई चलायमान गराउनका लागि दिनुपर्ने ऊर्जाका विषयमा आफ्ना भनाई राखेका थिए । आफ्ना विचार राख्ने अधिकांश परिषद सदस्यहरु पत्रकारितामा परिपक्वता भएको अभिव्यक्तिहरु व्यक्त गरेका थिए । महासंघले कसले के बोल्दैछ भन्ने टिप्पणीकार समेत नराख्दा बन्दसत्र कसले के बोल्दैछ भन्ने महासंघ केन्द्रलाई हेक्का नहुन सक्छ । तर, महासचिव पुरीले प्रस्तुत गरेको प्रतिवेदनमा आम सञ्चारका अधिकार, गर्नुपर्ने भूमिका र राज्यले सञ्चारमाथि गर्नुपर्ने कामका विषयमा प्रस्ट थियो । रातिको करिब ११ बजेसम्म चलेको बन्दसत्रले भोलिपल्ट १० बजेसम्म सुर्खेत घोषणापत्र जारी गर्दै सभा सम्पन्न भएको थियो ।

देशभरिका करिब ६ सय लेखक तथा पत्रकार हरुको उपस्थिति रहँदा कर्णाली प्रदेशअन्तर्गत पर्ने ऐतिहासिक कला संस्कृतिको प्रदर्शन हुनुपर्नेथ्यो, त्यो हुन सकेन । चित्रमा प्रदर्शन गरिएतापनि सहभागी पत्रकारहरुले भेषभुषा, कला संस्कृति देखाउन सुर्खेत पछि परेको प्रतिक्रिया दिए ।

हाम्रो यात्रा पूर्व फर्किनुभन्दा पहिला सुर्खेतका चर्चित पर्यटकीय क्षेत्र अवलोकन गरिएको थियो । सुर्खेतको बुलबुले तालदेखि काँक्रेबिहार, देउकी बजु मन्दिरसम्मको यात्रामा हाम्रो बाटाका पीडाहरुलाई बिर्साएको थियो । आफ्नै विशेषतामा रहेका ती मन्दिरहरु जो कोही सुर्खेत पुग्दा दर्शन गर्न जाने गरेको पायौं । ९ गतेकै दिन हाम्रो यात्रा पूर्वतर्फ हुइकियो । १०:३० बजे काठमाण्डौमा विशेष काम परेकाले शाखा सभापति एकराज गिरी सुर्खेत हुँदै जहाजमा काठमाण्डौ लागे । अस्वस्थका बाबजुद सुर्खेत पुगेका गिरीले शाखाबाट सहभागीहरुको हेरविचारमा सहजता अपनाएका थिए ।

करिब ११:४५ मा हामी पूर्वतर्फ लाग्यौं । फर्कने क्रममा गाडीभित्रै सम्मेलनको समीक्षा भएको थियो । समीक्षामा प्रमुख अतिथि बनाइएकी सुशिला संग्रौलाले सम्मेलन फलदायी नै रहेको टिप्पणी गर्दै सुधानुपर्ने कामका विषयमा व्याख्या गरेकी थिइन् । गाडीभित्रकै समीक्षा कार्यक्रमका सभापति भिमा शिवाकोटीले बन्दसत्रमा महिलाहरुले बोलेको शब्द सुन्दा महिला नेतृत्व निर्माण भएको बताइन् । यसरी नै प्रत्येक शाखामा महिला सशक्त भएर अगाडि बढ्न जरुरी रहेको छ । यात्रामा गाडी चालक रोहित मण्डल र बेला बखत यात्रालाई सहजतामा उभ्याउन यात्रा संयोजक केशव भट्टराईको प्रस्तुतिले थप रोचक बनाएको थियो । यस्तै रह्यो ५ दिने यात्रा र सुर्खेतमा भएको पत्रकार महासंघको राष्ट्रिय भेला ।अन्त्यमा नेपाल पत्रकार महासंघ झापा शाखाले कुशल नेतृत्व गर्दै हामीलाई सुर्खेत साधारणसभामा पुर्‍याएर ल्याएकोमा राष्ट्रिय परिषद सदस्यहरुका तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्दछु ।

# गिरी बन्धुको बंशावली विमोचित

बिर्तामोड(प्रस) । कौडिण्य गौत्रीय दुर्गानाथी गिरी बन्धुको बंशावली पुस्तक विमोचन भएको छ । कौडिण्य गौत्रीय दुर्गानाथी गिरी बन्धु बंशावली प्रतिष्ठान केन्द्रीय समितिले शनिवार दशनामी झापाको भवन बुट्टाबारीमा वंशावली पुस्तक विमोचन गरेको हो ।

प्रतिष्ठानका अध्यक्ष नरेशकुमार गिरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि नेपाल दशनामी समाजका केन्द्रीय बरिष्ठ उपाध्यक्ष गोविन्दबिक्रम गिरीले बंशावली पुस्तकको विमोचन गरेका हुन् ।

झापा, इलाम, पाँचथर, ताप्लेजुङ, मोरङ, काठमाडौं, भक्तपुरसहित देश तथा बिदेशमा रहेका कौडिण्य गौत्रीय दुर्गानाथी गिरी बन्धुहरुलाई एकताबद्ध गर्ने उद्धेश्यले बंशावली प्रकाशन गरिएको प्रतिष्ठानका सचिव हर्कलाल गिरीले जानकारी दिए ।

प्रतिष्ठानका सदस्य देउमान गिरीले स्वागत गरेको कार्यक्रममा प्रतिष्ठानका उपाध्यक्ष भूपेन्द्र गिरीले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि गोविन्द बिक्रम गिरी, नेपाल दशनामी समाज प्रदेश नं. १ अध्यक्ष चन्द्रप्रसाद गिरी, समाजका झापा पूर्व अध्यक्ष खिलराज गिरी (राजु), ऊँ नमः शिवाय साकोसका सदस्य एलबहादुर गिरी, योङहाङ बैश प्रतिष्ठानका प्रतिनिधि मनकुमार योङहाङ, नेपाल दशनामी समाज बिर्तामोड नगर अध्यक्ष अर्जुन गिरीलगायतले शुभकामना मन्तब्य राखेका थिए । कार्यक्रमको सञ्चालन प्रतिष्ठानका सचिव हर्कलाल गिरीले गरेका थिए ।

सोही कार्यक्रमकाबीच जेष्ठ नागरिक, स्नातक तह उत्तीर्ण गरेका कौडिण्य गौत्रीय दुर्गानाथी गिरी बन्धुहरुका छोराछोरी र बुहारीहरुलाई सम्मान गरिएको थियो । विमोचन कार्यक्रममा सांस्कृतिक कार्यक्रमसमेत गरिएको थियो । कौडिण्य गौत्रीय दुर्गानाथी गिरी बन्धुको बंशावली पुस्तक लेखन, संकलन र सम्पादन टोलीमा नरेशकुमार गिरी, जीवनाथ गिरी, भुपेन्द्रकुमार गिरी, हर्कलाल गिरी र गुरुभक्त गिरी रहेका थिए ।

# स्वर्गद्वारी कृषि सहकारीको साधारणसभा सम्पन्न

भद्रपुर, (प्रस) । भद्रपुर ८ स्थित स्वर्गद्वारी कृषि सहकारी संस्थाको नवौं वार्षिक साधारणसभा विविध कार्यक्रमका साथ सम्पन्न भएको छ । संस्थाका अध्यक्ष गोपालबहादुर थापाको अध्यक्षता तथा भद्रपुर नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा उत्कृष्ट सम्मानसहित वार्षिक नीति तथा कार्यक्रम पारित गर्दै सभा सम्पन्न भएको हो ।

सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै अध्यक्ष थापाले ४३८ महिला र ५२१ पुरूषसहित ९८६ शेयर सदस्य रहेको बताए । उनले



पाँच करोड ४९ लाख ३४ हजार ३१५ रूपैयाँको वार्षिक कारोवार विवरण समेत पेश गरेका थिए । जसमा संस्थाले खुद नाफा पाँच लाख ९० हजार ९ सय ३३ रूपैयाँ आर्जन गरेको जनाइएको छ ।

प्रकाश भण्डारीले सञ्चालन गरेको सभामा ६ जना शेयर सदस्यलाई उत्कृष्ट सदस्य सम्मान गरिएको थियो । कार्यक्रममा भद्रपुर नगर प्रमुख गणेश पोखरेल, उपप्रमुख राधा कार्की, शान्ति कृषि सहकारीका अध्यक्ष देवीप्रसाद दाहाल, झापा सामुदायिक सहकारीका शशिम पोखरेल, पत्रकार गोपाल गिरीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# पूर्व प्रहरी संगठनद्वारा तीन सम्मानित

कनकाई(प्रस) । पूर्व प्रहरीहरुको संस्था नेपाल पूर्व प्रहरी संगठन कनकाई नगर समितिले तीनजनालाई सम्मान गरेको छ ।

सुरुङ्गास्थित कनकाई सामुदायिक वनको सभाहलमा सम्पन्न संगठनको तेस्रो अधिवेशनसहितको साधारणसभामा स्थानीय पत्रकार रामप्रसाद निरौलासहित पूर्व प्रहरी संगठन कनकाईका ज्येष्ठ सदस्यद्वय ८३ वर्षीय अग्नीप्रसाद नेपाल र ७२ वर्षीय दलबहादुर नेपाली सम्मानित भएका हुन् । कार्यक्रमका प्रमुख




अतिथि कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल, विशिष्ट अतिथि प्रहरी नायव उपरीक्षक रुगमबहादुर कुँवर, संगठनका नगर अध्यक्ष हरिप्रसाद सेडाईलगायतले दोसल्ला ओढाएर सम्मानपत्रका साथ सम्मान गरेको संगठनका सचिव अम्बरवहादुर लिम्बूले जानकारी दिए ।साधारणसभाको बन्दसत्रले पूर्व प्रहरी संगठन कनकाई नगर समितिको अध्यक्षमा पुनः हरिप्रसाद सेडाईलाई सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा निरबहादुर थापा, सचिवमा अम्बरबहादुर लिम्वू, सहसचिवमा ज्ञानेन्द्रप्रसाद शिवाकोटी, कोषाध्यक्षमा दुर्गाबहादुर पौडेल र सहकोषाध्यक्षमा भगिरथ पाठक सर्वसम्मत चयन भएका छन्। त्यस्तै सदस्यहरुमा पर्शुराम चौधरी, भिमबहादुर दाहाल, लिलाबहादुर भण्डारी, रमेश शिवाकोटी र मनकुमारी त्रिखत्री चयन भएका छन् ।


प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

## वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा



PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१८ | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

**मेष** आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ ।

**वृष** कला र गलाको प्रभाव बढ्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिथुन** यात्रा गर्दा बाटोमा दुःख हुन सक्छ । काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् ।

**कर्कट** शेयर बजारले पनि साथ दिनेछ । सजिलै अरूको मन जित्न पनि सकिनेछ ।

**सिंह** परिवारमा नयाँ सदस्य थपिने छ । समाज र परोपकारमा समय बित्न सक्नेछ ।

**कन्या** आज परदेशी घर फर्कने योग छ । घरपरिवारमा रमाइलो वातावरण छाउनेछ

**तुला** झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा पनि कमी आउनेछ ।

**वृश्चिक** आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ ।

**धनु** धार्मिक कार्यमा संलग्न भइनेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुने

**मकर** आजको समय मध्यम खालको छ । आज ठूलो लगानी गर्नु उपयुक्त छैन ।

**कुम्भ** मठमन्दिरको भ्रमणले काम सम्पन्न हुनेछ । परोपकारी कार्यमा संलग्न भइनेछ ।

**मिन** दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । प्राविधिक कार्यमा लगाव बढ्नेछ ।